# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः २५, आश्विन २२ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिकामा करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।६।२२

व्यास नगरपालिकामा करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधिलाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. कार्यविधिको नियम ४ (१) प्राविधिक कर्मचारीको अनुसूची १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची २ बमोजिमको ढाँचामा कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गर्नुपर्नेछ को सट्टा प्राविधिक कर्मचारीको अनुसूची १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची २ बमोजिमको ढाँचामा कम्तीमा सात दिनको सूचना प्रकाशन गर्नुपर्नेछ भन्ने राखिएको छ ।

२. कार्यविधिको नियम ४ (३) (क) शैक्षिक योग्यता वापत -५५ (पचपन्न) अंक, (विशिष्ट श्रेणी वापत ५५, प्रथम श्रेणी वापत ५०, द्बितीय श्रेणी वापत ४५, तृतीय श्रेणी वापत ४०, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) को सट्टा शैक्षिक योग्यता वापत-३५ (पैतीस) अंक, प्रथम श्रेणी वापत ३५, द्बितीय श्रेणी वापत ३०, तृतीय श्रेणी वापत २५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) राखिएको छ ।

३. कार्यविधिको नियम ४ (३) (ख) कार्य अनुभव वापत -१० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) को सट्टा कार्य अनुभव वापत -५ (पाँच) अंक (प्रति वर्ष १ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) राखिएको छ ।

४. कार्यविधिको नियम ४ (३) (घ) अन्तवार्तामा अधिकतम २५ अंक दिइनेछ । सामान्यतया यस अनुसार अकं प्रदान गर्दा न्यूनतम १० (दश) र अधिकतम १८ (अठार) को सीमाभित्र रही अंक प्रदान गर्नुपर्नेछ । तर सो भन्दा माथि अंक दिनु परेमा अन्तरवार्तामा सम्मिलित अन्तरवार्ताकर्ताले कारण खोली अंक दिन यस नियमले बाधा पुगेको मानिने छैन को सट्टा अन्तवार्तामा अधिकतम ५० अंक दिइनेछ । सामान्यतया यस अनुसार अकं प्रदान गर्दा न्यूनतम २० (बीस) र अधिकतम ३५ (पैतीस) को सीमाभित्र रही अंक प्रदान गर्नुपर्नेछ । तर सो भन्दा माथि अंक दिनु परेमा अन्तरवार्तामा सम्मिलित अन्तरवार्ताकर्ताले कारण खोली अंक दिन यस नियमले बाधा पुगेको मानिने छैन भन्ने प्रावधान राखिएको छ ।

५. कार्यविधिको नियम ४ (५) अन्तर्वार्ताका अतिरिक्त श्रेणी विहिन कर्मचारी बाहेक अन्य कर्मचारी नियुक्ती सिफारिस गर्दा ५० पूर्णाकको लिखित परीक्षा लिइने छ । परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ भन्नेको सट्टा अन्तर्वार्ताका अतिरिक्त श्रेणी विहिन कर्मचारी बाहेक अन्य कर्मचारी नियुक्ती सिफारिस गर्दा ५० पूर्णाकको लिखित परीक्षा लिन सकिने छ । परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ राखिएको छ ।

६. कार्यविधिको नियम ५ (१) (क) नगर सभाबाट छनोट गरिएको -संयोजक, (ख) लोक सेवा आयोगको प्रतिनिधि -सदस्य, (ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -सदस्य, (घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य, (ङ) प्रशासन हेर्ने शाखा प्रमुख -सदस्य सचिवको सट्टा (क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक, (ख) शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख -सदस्य, (ग) सम्बन्धित शाखा प्रमुख -सदस्य, (घ) सम्बनिधत विषयको नगर प्रमुखबाट तोकिएको विज्ञ -सदस्य, (ङ) सामान्य प्रशासन तथा जनशक्ति शाखा प्रमुख -सदस्य सचिव राखिएको छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत